सप्तकोशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फत्तेपुर, सप्तरी, प्रदेश नं.२, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मितिः-२०७८/०९/०९

प्रस्तुत बिषयमा श्रम ,रोजगार तथा सामाजिक सुरक्षा मंत्रालय (प्रधानमंत्री रोजगार कार्यक्रम) प.स.०७८/०७९,च.न.pmep १४४ र मिति २०७८/०८/२६ गतेको पत्रानुसार यस सप्तकोशी नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.न. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | SKNP १-०७७/०७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | ०१(एक) |

१.आवश्यक न्यून्तम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिडमा प्रविणता पत्र तह वा ओभरसियर / डिप्लोमा तह उतीर्ण भएको

(ख)अनुभव र सीपः- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग)उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः-सप्तकोशी नगरपालिकाको कार्यालय,सप्तरी

३. दरखास्त दिने अन्तिम मितिः-प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्रौ) दिन कार्यालय समय भित्र,अन्तिम दिन बिदा पर्न गएमा बिदा सकिएको भोलिपल्ट कार्यालय समय भित्र।

४. आवेदनको दस्तुरः- रु ४००।०० (चार सय मात्र ) नेपाल बैंक लिमिटेड,फत्तेपुर,सप्तरी शाखामा रहेको सप्तकोशी नगरपालिकाको राजश्व खाता नम्बर ११३०३००००१००१००००१ मा तोकिएको राजश्व दस्तुर वापतको शुल्क दाखिला गरेको भौचर वा यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको सक्कलै रसिद आवेदन फारम संग संलग्न हुनु पर्ने छ।

५.छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा (प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरु मध्येबाट प्रविधिक सहायक छनौट गर्न ५० पूर्णाङक को सेवा सम्बन्धी बिषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी बिषयको छुट्टा छुट्टै परीक्षा लिइने छ।

६. आवदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-
(१)नेपाली नागरिकता प्रमाणपत्र (२) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र(३)चारित्रिक प्रमाणपत्र(४)अनुभव खुल्ने कागजात (५) २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृयाको दफा (११),(१२), र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः-गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृयाको दफा(९) बमोजिम हुनेछ ।

९.परीक्षा मितिःसम्पर्क मितिमा तोकिने छ।

१०.सम्पर्क मितिः१५ औ दिनको मिति समाप्त भए पछि कार्यालयको सूचनापाटी तथा वेब पेजमा सूचना प्रकाशन गरी जानकारी गराईने छ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण , पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np तथा यस कार्यालयको वेब पेज www.saptakoshimun.gov.np बाट समेत हेर्न सकिने छ ।

पुनश्चः आ.ब.०७७/०७८ मा यसै पदका लागि आवेदन दिएका आवेदकहरुले पुनः आवेदन दिनु पर्ने तर निजहरुको हकमा आवेदन दस्तुर तिर्नु नपर्ने तथा पदपूर्ति छनौटका अन्य चरण/प्रकृयाहरु पुरा गर्नुपर्ने छ ।

२०७८।९।९

( रामदेव चौधरी )
उप सचिव
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner